**नेपाल सरकार**

**संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय**

# जिल्ला बिकास समितिको कार्यालय

**म्याग्दी**




## म्याग्दी जिल्लामा कार्यरत सरकारी कार्यालयहरु र गैर सरकारी संस्थाहरुको आ.व. २०७१।७२ को वार्षिक प्रगति समीक्षा गोष्ठी

**३-४ भाद्र २०७२**

# एकिकृत प्रतिबेदन

*प्रतिवेदन तयारीः श्री सन्तोष राज पन्थी, जिल्ला शासन विज्ञ*

# बिषयसूची

पृष्ठभूमि : ........ 2

१ वार्षिक समीक्षा कार्यक्रम ........ 2

१.१ वार्षिक समीक्षा कार्यक्रममा सभापतित्व तथा आसन ग्रहणको कार्यक्रम : ........ 2

१.२ स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य : ........ 3

१.३ कार्यक्रममा सहभागिता : ........ 3

१.४ बार्षिक समिक्षा कार्यक्रमको बिधि : ........ 3

१.५ आव २०७१।०७२ मा संचालन भएका कार्यक्रम तथा आयोजनाहरुको प्रगति विवरण प्रस्तुत गर्ने सरकारी तथा गैससहरु ........ 4

सरकारी कार्यालयहरु (बिषयगत समिति अनुसार)........ 4

१.६ सरकारी तथा गैससंहरुको कार्य सम्पादन तथा प्रगति सम्बन्धमा उठेका जिज्ञासा तथा सवालहरुः........ 1

**बार्षिक समिक्षा कार्यक्रमका प्रमुख सिकाईहरु :** ........ 8

**निष्कर्ष**........ 9

अनूसुची १ बार्षिक समिक्षाका निर्णयहरु ........ 10

## पृष्ठभूमि :

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ अनुसार वार्षिक रुपमा सरकारी , गैर सरकारी तथा अन्य निकायहरुबाट संचालन भएका विभिन्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रतिफल तथा नतिजा कुन हद सम्म प्राप्त भयो , विकास आयोजनाहरुले निर्दिष्ट गरेका उद्देश्य तथा लक्ष्यहरु हासिल गर्न सके सकेनन् भनेर सवै सरोकारवाला निकायहरुको सहभागितामा वार्षिक रुपमा समीक्षा गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय निकाय खास गरी जिल्ला विकास समितिको संयोजनमा जिल्ला भित्र संचालन हुने कार्यक्रम तथा आयोजनाहरुलाई समन्वयात्मक र प्रभावकारी रुपमा संचालन गरी विकासलाई दिगो र संस्थागत रुपमा अगाडि बढाउन योगदान पुगोस् भन्ने हेतुले वार्षिक समीक्षा कार्यक्रमलाई संस्थागत रुपमा अगाडि बढाइएको छ ।

जिल्ला विकास समिति ,म्याग्दीले आ.व. २०७१।०७२ मा सरकारी तथा गैर सरकारी निकायहरुबाट जिल्लामा संचालन भएका विभिन्न किसिमका विकास कार्यक्रम तथा आयोजनाहरुले निर्धारित लक्ष्य तथा उद्देश्य हासिल गर्न सके सकेनन , कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनबाट प्राप्त उपलब्धी तथा नतिजा कुन हद सम्म हासिल हुन सक्यो , बिकास कार्यक्रममा नागरीहरुको सहभागिता तथा सन्तुष्टी र समस्या के कस्ता देखिए तथा म्याग्दी जिल्लाको दिगो बिकासको लागी भावि दिनको लागि के कस्ता सिकाई प्राप्त भए भनेर विस्तृत रुपमा समीक्षा गर्नको लागि २०७२ भाद्र ३-४ गतेका दिने वार्षिक समीक्षा गोष्ठीको आयोजना गरेका थियो ।

## १ वार्षिक समीक्षा कार्यक्रम

### १.१ वार्षिक समीक्षा कार्यक्रममा सभापतित्व तथा आसन ग्रहणको कार्यक्रम :

बार्षिक समीक्षा गोष्ठीको सुरुवात स्थानीय विकास अधिकारी श्री चिरञ्जीवी पौडेलज्यूको अध्यक्षताबाट गरियो । कार्यक्रममा बिशिष्ठ अतिथिको रुपमा माननिय सभाषद ज्यूहरु श्री नवराज शर्मा ज्यू र श्री रेसम बहादुर बानियाज्यूको उपस्थिती रह्यो । त्यस्तै बिशेष अतिथीको रुपमा प्रमुुख जिल्ला अधिकारी श्री सागरमणी त्रिपाठीज्यूको सहभागिता रह्यो । कार्यक्रममा अतिथीको रुपमा जिल्लामा सक्रिय सवै राजनैतिक दलका प्रमुुख तथा प्रतिनिधिज्यूहरु , पत्रकार महासंघका अध्यक्ष , गैर सरकारी संस्था अध्यक्षको सहभागिता रह्यो । जिल्लामा कार्यरत सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु , गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधीहरु , पत्रकारहरु लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

## १.२ स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य :

कार्यक्रमको उद्देश्य माथी प्रकास पार्दै एवं समीक्षा गोष्ठीमा पाल्नु भएका महानुभावहरुलाई स्वागत गर्दै प्रमुख जिल्ला ईन्जिनियर श्री ओम बहादुर के.सीले जिल्लाको विकासलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि आयोजित् यो कार्यक्रमले देहाय बमोजिमका उद्देश्यहरु राखेको बताउनु भएको थियो ।

- आर्थिक वर्ष २०७१।०७२ मा जिल्लामा स्थानीय निकाय , विषयगत कार्यालयहरु, गैससहरुबाट कार्यान्वयन भएका विभिन्न कार्यक्रमहरुको फलस्वरुप हासिल भएका उपलब्धि , सिकाई तथा समस्याहरुमा छलफल गर्ने ।
- आगामी आर्थिक वर्षमा संचालन गरिने कार्यक्रमहरुको बीचमा परिपुरकता र सह सम्बन्ध स्थापना गर्न सहयोग हुने ।
- जिल्लाको समग्र विकासको लागि आगामी दिनमा अवलम्बन गर्नु पर्ने नीति तथा कार्य पद्धतिको सम्बन्धमा राय सुझाव हासिल गर्न सहयोग हुने ।

## १.३ कार्यक्रममा सहभागिता :

कार्यक्रममा बिशिष्ठ अतिथी, बिशेष अतिथी तथा अन्य अतिथीहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरुका अतिरिक्त सरकारी , गैरसरकारी निकायहरुका प्रमुख एवं प्रतिनिधी, गाबिस सचिवज्यूहरु तथा जिल्लामा क्रियाशिल सबै बिकासका सरोकारवालाहरु सहित कुल १२३ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको उपस्थितीलाई निम्न बार चित्रमा देखाईएको छ ।




## १.४ बार्षिक समिक्षा कार्यक्रमको बिधि :

- कार्यक्रमलाई प्रभावकारी र लक्ष्य उन्मुख बनाउन निम्न नियमहरुको पालना गर्न सहभागी सरोकारवालाहरुलाई अनुरोध गरीएको थियो ।
- प्रत्येक कार्यालयको प्रस्तुतीकरणलाई दश मिनेटको समयमा समायोजन गर्ने , प्रस्तुती पृष्ठभुमी आदीमा समय खर्च नगरी बजेट , खर्च, उपलब्धी, समस्या र प्रमुख सिकाईहरुमा प्रस्तुतीलाई केन्द्रीत गर्ने ।
- पाँचवटा कार्यालयहरुको प्रस्तुती पछी प्रस्तुतीको बिषय र कार्यालयको बार्षिक कार्य सम्पादन र सेवा प्रवाहका सम्वन्धमा रही संक्षीप्त सवालहरु राख्ने र सम्वन्धीत प्रमुख वा वा प्रतिनिधीले सोको सटीक जवाफ दिने ।

- छलफल र सवाल जवाफ कार्यक्रमको उद्देश्य अनुरुप गर्ने ।
- कार्यक्रमको मर्यादा अनुसार शिष्टभाषाको प्रयोग गर्ने र ब्यक्तीगत आरोप प्रत्यारोप नगर्ने ।

### १.५ आव २०७१।०७२ मा संचालन भएका कार्यक्रम तथा आयोजनाहरुको प्रगति विवरण प्रस्तुत गर्ने सरकारी तथा गैससहरु

जिल्ला विकास समितिको कार्यालयबाट आयोजित् वार्षिक समीक्षा गोष्ठीमा जिल्ला स्थित् निम्न सरकारी तथा गैर सरकारी कार्यालयहरुले आ आफ्नो कार्यालयहरुको प्रस्तुतीगरेको थिए ।

| सि नं | बार्षिक प्रगती पेश गर्ने गैससहरु | कैफियत | सि नं | बार्षिक प्रगती पेश गर्ने गैससहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहमती | | १३ | सोडेक म्याग्दी | |
| २ | हिमालय संरक्षण संस्था | | १४ | असल छिमेकी | |
| ३ | लिवर्ड म्याग्दी | | १५ | मिलन म्याग्दी | |
| ४ | गैसस महासंघ | | १६ | वन उपभोक्ता महासंघ म्याग्दी | |
| ५ | कदम म्याग्दी | | १७ | म्याग्दी उ.वा. संघ | |
| ६ | जिल्ला लघु उद्यमी संघ, म्याग्दी | | १८ | रिक म्याग्दी | |
| ७ | डि.सी.आर.डि.सी म्याग्दी | | १९ | गाजा यूवा क्लव, बाग्लुङ्ग | |
| ८ | सुआहारा म्याग्दी | | २० | लाल यूवा क्लव, कँुहु, म्याग्दी | |
| ९ | संगम म्याग्दी | | २१ | लिड्स म्याग्दी | |
| १० | अपागं संघ म्याग्दी | | २२ | सामुदायिक प्रहरी | |
| ११ | हिमवन्ती नेपाल म्याग्दी | | २३ | नेपाल वाल संगठन | |
| १२ | ब्रिटिश वेलफेयर सेन्टर | | | | |

### सरकारी कार्यालयहरु (बिषयगत समिति अनुसार)

| सि नं | बार्षिक प्रगती पेश गर्ने सरकारी निकायहरु | कैफियत | सि नं | बार्षिक प्रगती पेश गर्ने सरकारी निकायहरु | कैफियत |
|---|---|---|---|---|---|
| | जनसंख्या तथा सामाजिक विकास समिति अन्तर्गत : | | | | |
| १ | जिल्ला शिक्षा कार्यालय | | | | |
| २ | जिल्ला आयुर्वेद कार्यालय | | | **बन तथा वातावरण समिति अन्तर्गतका कार्यालयहरु** : | |
| ३ | महिला तथा वालवालिका कार्यालय | | १२ | जिल्ला भुसंरक्षण कार्यालय | |
| ४ | जिल्ला बालकल्याण समिति | | १३ | जिल्ला वन कार्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | | | **भौतिक पूर्वाधार बिकास समिति अन्तर्गतका कार्यालयहरु :** | अनुपस्थित |
| ६ | जिल्ला स्वास्थ्य कार्यालय | | १४ | नेपाल बिद्युत प्राधिकरण | |
| | **आर्थीक बिकास समिति अन्तर्गतका कार्यालयहरु :** | | १५ | शहरी बिकास तथा भवन डिभिजन कार्यालय बाग्लुङ्ग | अनुपस्थित |
| ७ | जिल्ला कृषी बिकास कार्यालय म्याग्दी | | १६ | सडक सव डिभिजन कार्यालय वाग्लुङ्ग | |
| ८ | जिल्ला पशु सेवा कार्यालय म्याग्दी | | १७ | पश्चिमाञ्चल सिंचाई सव डिभिजन वाग्लुङ्ग | |
| ९ | डिभिजन सहकारी कार्यालय बाग्लुगं | अनुपस्थित | १८ | जल उत्पन्न प्रकोप नियन्त्रण सब डिभिजन नं २ पोखरा | |
| १० | कृषी बिकास बैंक शाखा कार्यालय म्याग्दी | | १९ | जिल्ला प्राबिधिक कार्यालय | |
| ११ | घरेलु तथा साना उद्योग बिकास समिति म्याग्दी | | २० | जिल्ला बिकास समिति | |
| १२ | म्याग्दी उद्योग बाणीज्य संघ | | २१ | नेपाल टेलिकम म्याग्दी | |

### १.६ सरकारी तथा गैससंहरुको कार्य सम्पादन तथा प्रगति सम्बन्धमा उठेका जिज्ञासा तथा सवालहरुः

| **कार्यालयहरु** | **उठेका जिज्ञासा तथा सवालहरु** | **सम्बन्धित् कार्यालय प्रमुख तथा प्रतिनिधिबाट जिज्ञासा तथा सवाल उपर प्रस्तुत धारणा** |
|---|---|---|
| सहमती | ➢ सहमतीको भावि योजना, कार्यक्रमको दिगोपना, कहिलेसम्म कार्यक्रम रहने<br>➢ समूह आतंक, एक गाँउ, एक समूह एक योजनाको रुपमा बिकासको एकिकृत प्रयास थाल्नु पर्छ । | ➢ गत बर्षकै मोडलमा कार्यक्रम अघि बढ्ने<br>➢ समूह क्रियाशिलतालाई जोड दिने नीति |
| जिल्ला लघु उद्यमी संघ म्याग्दी | ➢ दरवांङ्ग नजिकै अनुगमनको क्रममा अल्लोको पुवा कुहेको अवस्थामा भेटिएको, प्रशोधन गर्ने र व्यबस्थापन गर्ने निकाय को हो ।<br>➢ उद्यम बिकासको लागी धैरै लगानी भएको छ, ति उद्यमीहरुको सूचना प्राप्त गर्न खोज्दा किन सूचना | ➢ प्रकृया पुर्‍याएर मागेको सूचना DMEGA नरोक्ने । |

| | | |
|---|---|---|
| | दिईदैन, DMEGA कोहो सरोकारवालाहरुलाई सूचना नदिने । | |
| अपाङ्ग संघ म्याग्दी | ➢ दृष्टीबिहिन बिद्यालय पिप्लेलाई असहाय तथा अपाङ्ग बिद्यार्थीको प्रवेशिका सम्मको खर्च धान्न कठिन भो अपाङ्ग संघ म्याग्दीको पहल हुन्छकी । | ➢ अपाङ्ग संघ म्याग्दीले दृष्टीबिहिन बिद्यालय पिप्लेलाई सहयोग गर्न कार्यक्रम बनाई सम्वन्धित दाता कहा पेश गर्ने |
| सिंचाइ डिभिजन | ➢ सिंचाइ डिभिजनको सेवा प्रवाह के हो भन्ने बारेमा सर्वसाधारण र सरोकारवाला समेत कम जानकार भएको<br>➢ सिंचाई डिभिजनले २५ हे. भन्दा माथीको कमाण्ड क्षेत्रफललाई मात्र समेट्ने नीति हुँदा कम त्यती धेरै क्षेत्रफल समेट्ने एउटा पनि योजनामा नहुने म्याग्दी जस्ता जिल्लाको हकमा नीतिगत परिवर्तन हुनुपर्छ, ससाना सिंचाई योजनाहरुका लागी प्रयाप्त बजेट जिल्ला स्थित कार्यालय संग नहुने र सिंचाई डिभिजनको यो प्रावधान नमिल्दा ठूलो सिंचाई ब्यबस्थापनमा कठीनाई । | |
| नेपाल बिद्युत प्राधिकरण | ➢ दरवाङ्ग बिद्युतीकरणको दश लाख मध्येको काम बाँकी, त्यँहाका सामाग्रीहरु ठेकेदारले अन्यत्रै लगेको अवस्था केहो । दरवांग आसपासमा बिद्युत पोलहरु ढलेको छ कहिले सम्म सोको मर्मत ब्यबस्थापन हुन्छ ।<br>➢ पुराना लाईनहरु जिर्ण अवस्थामा रहेका, बेनी आसपासनै लाइनहरु एकआपसमा ठोक्कीई सर्ट हुने समस्या, पोल सार्ने वा नाङ्गो तार ढाक्ने कार्य गर्नु पर्‍यो ।<br>➢ बाग्लुङ्ग वा कुस्माको समस्या देखाएर म्याग्दीका जनतालाई अध्यारोमा राख्ने कार्य कहिले बन्द हुन्छ, दिर्घकालिन समाधान खोज्नु पर्‍यो । | ➢ दरवाङ्ग बिद्युतीकरणको दश लाख मध्येको काम बाँकी, त्यँहाका सामाग्रीहरु ठेकेदारले अन्यत्र लगेको सम्वन्धमा ठेकेदार संग कार्यालयले सोधपुछ गर्ने ।<br>➢ म्याग्दीको बिद्युत आपुर्ती नियमित बनाउन कार्यालय लागी परेको छ । सम्वन्धित सबै ग्राहक तथा सेवाग्राहीहरु पनि सहयोगको लागी अपिल । |

| | | |
|---|---|---|
| जिल्ला स्वास्थ्य कार्यालय | ➢ जिल्ला स्वास्थ्य कार्यालयको निर्माण सम्वन्धी कार्य प्रस्तुतीमा आएन, स्वास्थ्य चौकी, जिल्ला स्वास्थ्यको भवन निर्माणको अवस्था के ।<br>➢ जिल्ला स्वास्थ्यको बेरुजु रु ३५ लाख केहो, पारदर्सीतालाई ध्यान दिनु पर्‍यो ।<br>➢ गरिव, असहाय एवं बृद्ध बिरामीहरुले प्राप्त गर्ने निशुल्क स्वास्थ्य सुविधामा प्रभावकारिता ल्याउन कार्यालयको ध्यान जानु पर्‍यो, सम्वन्धित नागरिकको अधिकारलाई जिम्मेवारीपूर्वक वहन गर्नु पर्‍यो ।<br>➢ निशुल्क औषधीको ब्यबस्थापन प्रभावकारी बनाउनु पर्‍यो र नागरिक बडापत्रमै औशधीहरु उल्लेख गर्नु पर्‍यो ।<br>➢ लाखौ रुपैयाको निर्माण कार्य भएको छ जिल्ला स्वास्थ्य अर्न्तगत, सो कुरा प्रगतीमा किन आएन । निर्माण कार्य गराउने कोहो , अनुगमन कस्ले गर्छ, आयोजना सम्झौता कस्ले गर्छ । | ➢ जिल्ला स्वास्थ्यको भवन निर्माणको कार्य भवन डिभिजनले हेरेको हुदा प्रस्तुतीमा नआएको सायद भवन डिभिजनको प्रस्तुतीमा आउँछ होला ।<br>➢ गरिव, असहाय एवं बृद्ध बिरामीहरुले प्राप्त गर्ने निशुल्क स्वास्थ्य सुविधामा प्रभावकारिता ल्याउन कार्यालयले अझै ध्यान पुर्‍याउँछ । |
| जल उत्पन्न कार्यालय | ➢ चिप्लेटी पहिरो नियन्त्रण बेनपा १२ का सम्वन्धमा तारजाली संरक्षण कार्यगर्दा समष्टीगत संरक्षणलाई ध्यान दिने होकी कसैको नीजि सम्पत्ती संरक्षणको लागी ध्यान दिने हो ।<br>➢ दरवाङ्ग नदी नियन्त्रणको लागी रकम अप्रयाप्त भयो ।<br>➢ कालीगण्डकी नदी नियन्त्रण कार्य प्रभावकारी नभएको, सवैसाधारणको हिसाावबाट पनि डिजाईनमा फेरवदल आवस्यक देखिन्छ, आवस्यक मोटोपना बढाउनु पर्ने होकी सम्वन्धित निकायले स्पष्ट पार्नु पर्‍यो । | |
| जिल्ला पशु सेवा कार्यालय | ➢ हिमाली परियोजना म्याग्दी जिल्ला छुट्नुको कारण केहो, Minigrant PACT कार्यक्रमको अवस्था के छ, क्षतीपुर्ति सहितको नागरिक बडापत्रको कुरा प्रस्तुतीमा आयो, सोबाट कती क्षतीपुर्ति सेवाग्राहीले | ➢ हिमाली आयोजनामा म्याग्दी समावेश हुन केन्द्रकै पहलमा भर पर्ने ।<br>➢ Minigrant PACT |

| | | |
|---|---|---|
| | पाए वा सेवाप्रवाह कस्तो रह्यो भन्ने कुरा आएन, अरु कार्यालयले पनि उक्त कुरा सुरु गर्नु पर्‍यो | कार्यक्रम लागु भएको तर पैशा नआएको । |
| जिल्ला कृषी बिकास कार्यालय | ➢ आयातित बिउले स्थानीय बिउ लोप हुने अवस्थामा छ । स्थानीय बिउ पहिचान, संरक्षण गराउन कृषी कार्यालयको योजना के छ ।<br>➢ भकारो सुधार कार्यक्रम अति न्यून, जैविक प्रविधीको पँहुच बढाउन प्रयाप्त कार्यक्रम तथा जनचेतना आवस्यक छ ।<br>➢ Minigrant, PACT कार्यक्रमको नीति केहो ।<br>➢ समुदाय स्तरका तथा कृषक संग प्रत्यक्ष सरोकार राख्ने कृषी क्रियाकलाप तथा कृषक समूह र सेवा केन्द्रका प्रगतीहरु प्रतिबेदनमा किन प्रस्तुत हुदैनन, समुदायस्तरका गतिबिधीहरुको प्रस्तुत गर्ने कुरा गैससबाट सरकारी निकायले सिक्नेकी ।<br>➢ Minigrant, PACT कार्यक्रमको के समस्याले यहा आएन ।<br>➢ तालिमहरु प्रसस्त हुन्छन, कुन तालिमले कती स्वरोजगारी सिर्जना गर्‍यो त । सदरमुकाम केन्द्रीत तालिम सबै तालिममा एकै सहभागी, सदरमुकाम बाहिर खास तालिम चाहिनेलाई हुनु पर्‍यो | ➢ स्थानीय जातको बिउ संरक्षणको कार्यक्रम जस्तै मकै धान सिमी रहेको छ । भने केही अन्य जातका बिउहरु जिल्लामा भित्र्याइएको छ ।<br>➢ जैविक उत्पादन प्रविधी, रासायनिक मललाई कम गर्न भकारो सुधार कार्यक्रम लागु भएको छ ।<br>➢ समुदायस्तरका कृषी समूह बैठक आदीका कुराहरु भए पनि प्रस्तुती समेट्न नसकिएको ।<br>➢ तालिमहरु सदरमुकाम केन्द्रीत भन्दा पनि सहभागी कृषक केन्द्रीतनै हुन्छन् । तालिम चाहिनेलाई तालिम दिन कृषी कार्यालय लागी परको छ र पर्नु पर्छ । |
| महिला तथा वालवालिका कार्यालय | ➢ कार्यक्रममा दोहोरोपना, सुगममा मात्र कार्यक्रम हुँदा एउटै मानिसहरुले धेरै किसिमको लाभ पाईरहेको अवस्था, महिला संग सम्वन्धित गतिबिधीहरु दुर्गम क्षेत्रमा पुर्‍याउनु पर्‍यो ।<br>➢ महिला तथा वालवालिका कार्यालयका कार्यक्रम स्विकृती के को आधारमा हुन्छ Demand base अरु कुनै आधारमा ।<br>➢ अपांङ्ग परिचयपत्र क ख ग भनेर बाढ्ने तर सुविधा चाही क ले मात्र पाउने भयो किन । | ➢ महिला तथा वालवालिका कार्यालयका कार्यक्रमहरु सुगममा मात्र केन्द्रीत नभएको जानकारी ।<br>➢ महिला तथा वालवालिका कार्यालयका कार्यक्रमहरु demand based भन्दा पनि समुदायको समग्र रुपान्तरणलार्य आधार बनाइ तयार गरिएका |

| | | |
|---|---|---|
| | | Supply based activities हरु हुने गरेका ।<br>➢ महिला तथा वालवालिका कार्यालयले परिचयपत्र बाढ्ने गरेको अन्य सेवा सुविधा राज्यको सामाजिक शुरक्षा कार्यक्रम अर्न्तगत हुने । |
| जिल्ला वन कार्यालय | ➢ बन क्षेत्र अतिक्रमणको कुरा प्रगतीमा आएन किन ।<br>➢ बन उपभोक्ता समूहका क्रियाकलाप र सेवाकेन्द्रहरुका क्रियाकलापहरु पनि प्रगतीमा आएनन् ।<br>➢ बनमा अत्यधिक लगानी छ तर प्रतिफल तथा आयआर्जन के त भन्ने कुरा प्रगतीमा आउनु पर्दैन । काष्ठ, गैरकाष्ठ, जडिबुटीबाट खोई त आम्दानी भएको, आम्दानी बढाउने सोचाई खोई ।<br>➢ जडिबुटी निकासीमा बन कर्मचारीहरुले खुलेआम पैसा माग्ने गरेको ।<br>➢ जिल्ला बन कार्यालय संग सम्वन्धित सेवाप्रदायकबाट खाली कागजमा भर्पाई गराएको ।<br>➢ जडिबुटी निकासी गर्दा अनियमितता स्वयंकर्मचारीहरुबाट भएको गुनासो छ ।<br>➢ बन अतिक्रमण रोकथाम भएको अर्मनको कुरा प्रगतीमा आएन ।<br>➢ जिल्ला बन कार्यालयले सामान्य मर्मतबाट सेवा केन्द्र भवन चालु हालतमा ल्याउन ध्यान नदिएको ।<br>➢ दरवाङ्ग ईलाका बन अघीको जग्गा प्लटिङ्ग भएको सम्वन्धित निकायको ध्यान पुगोस<br>➢ उद्योग दर्ताको प्रकृया सरल छैन, प्रकृयाको बारेमा सरोकारवाला सर्वसाधारणलाई स्पष्ट बनाउनु पर्‍यो । | ➢ बन उपभोक्ता समूहका क्रियाकलाप र सेवाकेन्द्रहरुका क्रियाकलापहरु समयका कारण प्रस्तुतीमा नअटाएको ।<br>➢ जडिबुटी निकासीमा बन कर्मचारीहरुले खुलेआम पैसा माग्ने गरेको भन्नेकुरा बन कार्यालयलाई जानकारी नभएको । |

| | | |
|---|---|---|
| जिल्ला भुसंरक्षण कार्यालय | ➢ जोखिमयुक्त ठाँउ पहिचान गर्ने र भु उपयोग नीतिको आधारमा वातावरणमैत्री पूर्वाधार निर्माणमा अव ध्यान जानु पर्‍यो कुन क्षेत्रमा के गर्ने, के नगर्ने भन्ने किटान हुनु पर्‍यो, संगसंगै आवस्यक जनचेतनाका कार्यहरु पनि लैजानु पर्‍यो । | ➢ पूर्वाधार निर्माणमा बिधी पुगेको छैन । भौगोलिक जोखिमयुक्त जिल्लाको रुपमा केन्द्रले सोच्नु पर्छ । भिरालो जमिन, भिरालोमैत्री प्रविधी नअपनाई पूर्वाधार र सडक निर्माणले कठिनाई । स्थानीय प्रविधी अपनाई माटो संरक्षण गर्नु आवस्यक रहेको । |
| घरेलु तथा साना उद्योग बिकास समिति | ➢ MEDEP तथा MEDPA कार्यक्रमबाट प्रत्यक्ष फाईदा कतीले पाए ।<br>➢ असार महिनामा अवलोकन भ्रमण गरियो तर सम्वन्धित उद्यमीहरुनै उक्त भ्रमणमा किन अटाएनन अली मनलागी भयो कि ।<br>➢ घरेलु, MEDEP को काम गर्ने गैसस प्रगती समिक्षामा प्रस्तुत हुनु पर्दैन ?<br>➢ उद्योग दर्ताको प्रकृया सरल छैन, प्रकृयाको बारेमा सरोकारवाला सर्वसाधारणलाई स्पष्ट बनाउनु पर्‍यो । | ➢ असार महिनामा अवलोकन भ्रमणका सन्दर्भमा असार भन्दा धेरै पहिलेनै भ्रमण गर्ने सन्दर्भमा निर्णय भएको ।<br>➢ अवका भ्रमणहरुमा सम्वन्धित उद्यमीहरुलाई संलग्न गराईने ।<br>➢ बैदेशिक रोजगारीमा घरेलु लगायतका तालिम पश्चात कोको गए भन्ने तथ्यांक नरहेको ।<br>➢ संगम तालिम तथा परामर्श केन्द्रले MEDEP को काम पाएको जेष्ठमा मात्र सम्झौता भएकोले यहा प्रस्तुतीमा प्रगती पेश गर्न नआएको हुन सक्ने । |
| डिभिजन सडक कार्यालय बाग्लुङ्ग | ➢ बेनी गलेश्वर सडक पिच गर्ने कार्यक्रममा सडक संगैको खापा पाईप ब्यबस्थापनको लागी स्विकृत ल.इ.मा पाईपको लागी रकम छ छैन ।<br>➢ धेरै रकम भएको कार्यालयको प्रगती प्रतिबेदन स्पष्ट आएन कती भौतिक कती बित्तिय प्रगती हासिल भो भन्ने कुरा खुल्नु नपर्ने । | ➢ बेनी गलेश्वर सडक पिच गर्ने कार्यक्रममा खापा पाईप ब्यबस्थापनको लागी स्विकृत ल.इ.मा केही रकमको ब्यबस्था भएको ।<br>➢ सडक डिभिजन बाग्लुङ्ग भर्खर |

| | | |
|---|---|---|
| | ➢ म्याग्दी जिल्लामा त्यसैत कम श्रोत साधन आउने त्यस्मा पनि आएको श्रोत साधनको पनि सहि सदुपयोग हुन सकेन, धेरै सडक आयोजनाहरु यस बर्षमा गरीसक्नु पर्ने भनेर यस अघि सडकले यहा प्रतिबद्धता जनाए पनि बहुबर्षिय आयोजना भनेर किन Postpone गरियो<br>➢ टेण्डर स्विकृत भएपछि पनि लामो समय काम नहुनु, साईट ईन्चार्ज कोहो भन्ने थाहा नहुनु, भए गरेको कामको अनुगमन कहिल्यै नभए पछि कामको गुणस्तर कसरी कायम हुन्छ । | मात्र स्थापना हुने क्रमले गर्दा कार्यालय ब्यबस्थापन लगायतका कार्यले गर्दा यो बर्ष सम्पन्न हुने योजनाहरु सम्पन्न हुन नसकेको ।<br>➢ टेण्डर स्विकृत भएपछि पनि लामो समय काम नहुनु, साईट ईन्चार्ज कोहो भन्ने थाहा नहुनु, भए गरेको कामको अनुगमन तथा कामको गुणस्तर कायम गर्न पक्कै अवको नजिकै रहेको कार्यालय सडक डिभिजन बाग्लुङ्गले प्रभावकारी रुपमा सम्पादन गर्नेछ । |
| खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय | ➢ बृहत घोप्टेखोला खापा लक्ष्य अनुसार सबै ठाँउमा सेवा नपुग्दै कसरी आयोजना सम्पन्न भयो, पाईपहरु नीजि प्रयोजनको लागी प्रयोग भएका छन्, सम्वन्धित निकायको ध्यान जानु पर्दैन । | ➢ पाईपहरु नीजि प्रयोजनको लागी कहा प्रयोग भएका छन् त्यस्को जानकारी पाएमा ब्यबस्थापन गर्न सजिलो हुने थियो । |
| जिल्ला शिक्षा कार्यालय | ➢ बेरुजुको आकार निकै ठूलो किन ।<br>➢ प्राविधिकको वा कर्मचारी दरवन्दी पुरा नभएको देखाई काम नभएको देखाउनु जिल्ला शिक्षाको लाचारी समयमै बैकल्पीक ब्यबस्थाबाट काम गराउन सक्ने उपाय किन अपनाइएन ।<br>➢ शिक्षक वा श्रोतब्यक्ती सरुवामा जिल्ला शिक्षाको दायित्व केहो, शिक्षकलाई मात्र दोष दिएर हुन्छ ।<br>➢ बिद्यालय समायोजन गर्ने प्रकृयामा जाँदा स्थानीय समस्याहरुलाई ख्याल गर्नेकी<br>➢ जनकल्याण उमाबिमा किन शिक्षक नियुक्त हुन सकेन, श्रोतब्यक्तीको कारण हो भने सम्वन्धितलाई | ➢ बेरुजुको आकार पहिलेदेखीकै बेरुजु हुदा ठूले देखिएको ।<br>➢ प्राविधिकको वा कर्मचारी दरवन्दी पुर्तीमा कार्यालयले समयमै अव ध्यान दिन्छ ।<br>➢ शिक्षक तालिमका कारण बिद्यालयको पठनपाठन प्रभावित हुनु हुदैन यस्मा जिल्ला शिक्षा कार्यालय चनाखो छ र हुनेछ पनि ।<br>➢ शिक्षामा ठूलो लगानी छ त्यस्को |

| | | |
|---|---|---|
| | कारबाही गरी समस्या समाधान गर्नु पर्‍यो । <br>➢ शिक्षक तालिमको कारण बिद्यालयको नियमित पठनपाठनमा असर परेको । <br>➢ शिक्षामा ठूलो लगानी छ त्यस्को प्रभावकारी अनुगमन खोइ भएको । | प्रभावकारी अनुगमनका लागी जिल्ला शिक्षा कार्यालय र जिल्ला शिक्षा समिति अझै क्रियाशिल हुनु पर्छ सम्वन्धित सबैको चासो पनि यस्मा आवस्यक छ । |

**बार्षिक समिक्षा कार्यक्रमका प्रमुख सिकाईहरु :**

- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले प्रस्तुत गरेको बार्षिक प्रगती प्रतिवेदनको आधारमा गैसस र डिभिजन कार्यालयहरुले काम गर्दा जिल्ला स्थित सरोकारवालाहरु संग समन्वय बढाउनुपर्ने र र्नितजामा आधारीत भई कार्य गर्नु पर्ने ।
- जिल्लामा कार्यालय नभएका डिभिजन कार्यालय सडक र सिंचाई, जलउत्पन्न कार्यालय जस्ता ठूलो बजेट रकम खर्चने कार्यालयहरुले प्रयाप्त स्थानीय समन्वय र पारदर्शीतालाई कार्यसम्पादनको आधार बनाउनु पर्ने ।
- कार्यक्रम, मुख्य क्रियाकलापहरु, कार्यक्रमको लक्ष्य, भौतिक र वित्तीय प्रगति स्पष्ट र सविस्तार सार्वजनिक हुनुपर्ने,
- कार्यक्रमहरुको संचालनका क्रममा अनुभव गरिएका समस्या , सिकाई अनुभवहरु खुल्लारुपले अन्तरक्रियात्मक छलफल गरी निचोड निकालिनु पर्ने,
- सकारात्मक सिकाई अनुभवहरुलाई आगामी दिनका लागि पृष्ठपोषणको रुपमा लिइनु पर्ने,
- दिगो विकास ब्यवस्थापनमा ध्यान दिनुपर्ने,
- कार्यक्रमको प्रभावकारी अनुगमनमा जोड दिनुपर्ने,
- जनताको जीवनस्तर सुधारमा प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरु संचालनमा विषयगत निकायहरुविच समन्वय र एकिकृत प्रयास गरीनुपर्ने,
- लक्षित कार्यक्रमहरु तत् तत् वर्ग सोझै लाभान्वित हुने गरी पारदर्शी ढंगलेसंचालन गरिनुपर्ने ,
- पछाडि परेका वर्ग र क्षेत्रको उतथान र विकासमा सवैको ध्यान जानुपर्ने,
- गैससहरुले पारदर्शी ढंगले ठोस कार्यक्रम संचालन गरी आफ्नो औचित्य र प्रभावकारीता शिद्ध गर्नुपर्ने,
- तोकिएको समयमा काम गर्ने, प्राविधिक इष्टिमेट, मूल्यांकन आदि गर्ने र समयमा नै रकम निकासा र भुक्तानीमा ध्यान दिनुपर्ने,
- कार्यक्रम संचालन गर्ने निकायहरु वीच समन्वय गरी दोहोरोपन ( Duplication) हटाउने प्रयत्न निरन्तर जारी रहनुपर्ने,
- राजनीतिक प्रकृतिका कार्य गैससहरुले संचालन गर्न नहुने,
- स्थानीय स्रोत साधन र सम्भाब्यताको प्रचुर उपयोग गर्नेतर्फ जोड दिनुपर्ने,

- सार्थक एवं अर्थपूर्ण जनसहभागिता प्रवद्र्धन गर्ने अझ वढी प्रयास गर्नुपर्ने
- पूर्वाधार निर्माण संगै शिक्षा, स्वास्थ्य, कृषि, संचार, विद्युत, खानेपानी आदि जनताका प्रत्यक्ष सरोकारका कार्यसम्पादन गर्ने विषयगत निर्णयहरुले कार्यक्रम छनौट , योजना तर्जुमा, कार्यान्वयन, सेवाप्रवाह, अनुगमन मूल्यांकन र कार्यक्रमको प्रभावकारिता वढाउन आपसी समन्वय , सहयोग र सहकार्यको पक्षलाई बढावा दिनुपर्ने,
- कार्यालयहरुमा प्रर्याप्त जनशक्तिको परिपूर्ति, जनउत्तरदायित्व, सेवामुखी भावना जस्ता आवश्यक पक्षमा सदा ख्याल गर्नुपर्ने,
- उपलब्ध स्रोत साधनको समुचित उपयोग÷सदुपयोग गर्ने तथा न्यून स्रोत लगानीवाट अधिक लाभ लिने तर्फ सोच राखेर कार्यक्रम संचालन गरिनुपर्ने ,
- गैससहरु सदरमुकाम र सुबिधायुक्त ठाँउमा मात्र केन्द्रीत हुन नहुने ।
- जनताका आवश्यकता चाहना र अपेक्षा तथा प्रत्यक्ष लाभ पुग्ने, ब्यवसायिक, दिगो ब्यवस्थापनका क्षेत्रमा सृजनात्मक कार्यक्रम संचालन गर्न सवैले ध्यान दिनुपर्ने ,

## निष्कर्ष

विकासको मूल ध्येय नै विकासको प्रतिफल जनताको घर घर सम्म पुर्याउनु हो । यसको लागि कुनै पनि क्षेत्र विशेषमा कार्यरत निकायहरुको वीचमा कार्यगत सम्बन्ध स्थापित हुनु जरुरत हुन्छ । स्थानीय स्वायत्त शासन ऐन तथा तत् सम्बन्धि नियमावलीले स्थानीय निकायलाई स्थानीय स्तरमा विकास निर्माण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि महत्वपूर्ण भूमिका सुम्पेको छ । आफूलाई सुम्पेको भूमिका अनुसार जिल्ला भित्र संचालन हुने विभिन्न किसिमका कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी संचालनलाई सुनिश्चित गर्नु जिल्ला विकास समितिको प्रमुख कार्य क्षेत्र हो । जिल्ला विकास समितिले आफ्नो जिल्ला क्षेत्र भित्र संचालन हुने कार्यक्रम तथा आयोजनाहरुको लक्ष्य तथा उद्देश्य अनुरुप कार्य हुन सके नसकेको सुनिश्चित गर्नु पर्ने हुन्छ । ऐन तथा नियमावलीको भावना अनुसार जिल्लामा कार्यरत सरकारी तथा गैसस ,निजि क्षेत्र लगायतका निकायहरुको वीचमा कार्यरत सम्बन्धलाई बलियो बनाउन वार्षिक समीक्षा कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यद्यपी वार्षिक समीक्षा कार्यक्रमलाई केवल कार्यक्रममा उपस्थित् भएर प्रगती वाचन गर्ने भन्दा निर्धारित लक्ष्य तथा उद्देश्य अनुसारका कार्य हुन सके नसकेको कुरा सुनिश्चित् गर्ने थलोको रुपमा विकास गर्नु पर्ने हुन्छ । वास्तवमा गम्भिर छलफलबाट मात्र अगाडिको लागि उत्कृष्ट विचार र मार्ग निर्देशन आउन सक्छन् । आगामी दिनहरुमा जिल्ला विकास समितिले वार्षिक समीक्षा कार्यक्रमलाई थप सुदृढ गरी अगाडि बढ्नु पर्ने आवश्यकता देखिन्छ । समिक्षा कार्यक्रमको निर्णय **अनूसुची १** मा राखिएको छ ।

## अनूसुची १ बार्षिक समिक्षाका निर्णयहरु

**निर्णय नं. १**

मिति २०७२ भाद्र ३ र ४ गते दुई दिन सम्म संचालित आ.व. ०७१।७२ मा जिल्लामा भए गरिएका विकास गतिविधी एवं क्रियाकलापहरुको वार्षिक समिक्षा गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा जि.वि.स.अन्तर्गत संचालित विभिन्न कार्यक्रम तथा परियोजना , विषयगत कार्यालयहरु, गा.वि.स.हरु, गैर सरकारी संघसंस्थाहरु उवं उद्योग वाणिज्य संघबाट यस आ.व.मा भए गरिएका कार्यहरुको प्रगती गोष्ठीमा प्रस्तुत भै गहन रुपमा छलफल र अन्तरक्रिया गरि समिक्षा गरियो । यस गोष्ठीमा प्राप्त राय सुझावहरुलाई आगामी दिनहरुमा कार्यान्वयन गर्दै यस क्रममा देखिएका समस्याहरुलाई पनि निराकरण गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. २.**

सार्वजनिक खर्चलाई पारदर्शी , जवाफदेही र उत्तरदायित्व बोध हुने गरि व्यवस्थित गर्न आगामी आ.व.देखी संचालन गरिने सबै कार्यक्रमहरु तथा सार्वजनिक सेवापृवाहको सार्वजनिक सुनुवाई गर्ने र सो बाट प्राप्त सल्लाह सुझावलाई कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल सरकारबाट स्वीकृत बजेट तथा कार्यक्रम मध्ये कतिपय त्यस्ता कार्यक्रमहरु लक्षित वर्गको पहुँचमा नपुगेको सम्बन्धमा बैठकमा सरोकारवालाहरुबाट कुरा उठाइयो । आगामी दिनमा सबै निकायबाट संचालन हुने कार्यत्रअम तथा बजेट बारेमा जि.वि.स. , गा.वि.स., विषयगत कार्यालयहरु लगायत सरोकारवालाहरुसँग समन्वय गरि कार्य गनृ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

म्याग्दी जिल्लामा जि.वि.स. , गा.वि.स. र अन्य विषयगत कार्यालयहरुले संचालन गरेका विकास निर्माणका कामको हाल भइरहेको सर्वदलिय , सर्वपक्षिय अनुगमनलाई अबका दिनमा अझ प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५**

आ व २०७०।७१ को म्याग्दी जिबिस र गाबिसहरुको न्यू श का स नतिजाकाे सम्वन्धमा बैठकमा छलफल गरियो ।

**निर्णय नं. ६**

आगामी वर्षहरुमा जिबिसको कार्यालयले निर्धारण गरेका लक्ष्य प्राप्त हुने खालका कार्यतक्रमहरु संचालन गर्न सम्पूर्ण विषयगत कार्यालयहरु र गाबिसहरुलाइ अनुरोध गर्ने निर्णय गरियो ।